**श्री**

**राजस्व न्यायाधिकरण काठमाडौं, मुकाम पुल्चोक ललितपुर**

**इजलास**

**माननीय अध्यक्ष श्री टेकप्रसाद ढुङ्गाना**

**लेखा सदस्य श्री बासुदेव खनाल**

**फैसला**

**२०७९।०८० सालको निर्णय नं.३२७**

**पुनरावेदन नं.०७५-RB-०१८९**

**मुद्दाः– मूल्य अभिबृद्धि कर (आ.ब. ०७०/०७१)।**

| | |
|---|---|
| जिल्ला सुनसरी सोनापुर वडा नं.२ स्थित पशुपति आईरन एण्ड स्टिल प्रा. लि. (स्थायी लेखा नं.३०००१६१४५) को तर्फबाट अख्तियार प्राप्त ऐ. कम्पनीको संचालक अशोक कुमार मुरारका...........................................................१ | पुनरावेदक |

**विरुद्ध**

| | |
|---|---|
| श्री आन्तरिक राजश्व विभाग, लाजिम्पाट,काठमाण्डौ......................................१<br>श्री ठूला करदाता कार्यालय, हरिहरभवन, ललितपुर........................................१ | प्रत्यर्थी |

**शुरु निर्णय गर्ने कार्यालय र अधिकारी**

शुरु निर्णय गर्ने कार्यालयः- ठूला करदाता कार्यालय, ललितपुर

शुरु निर्णय गर्ने अधिकारीः  प्रमुख कर प्रशासक श्री शोभाकान्त पौडेल

शुरु कार्यालयको निर्णय मितिः-२०७३।०३।३१

**प्रशासकीय पुनरावलोकन निर्णय गर्ने कार्यालय र अधिकारी**

निर्णय गर्ने कार्यालयः आन्तरिक राजस्व विभाग, लाजिम्पाट काठमाडौं

निर्णय गर्ने अधिकारीः महानिर्देशक विष्णुप्रसाद नेपाल

निर्णय मितिः २०७५।०५।२१

**उपस्थित कानून व्यवसायीहरुः**

पुनरावेदकबाटः विद्वान अधिवक्ताद्वय श्री रमणकुमार कर्ण र श्री प्रेरणा उप्रेती

प्रत्यर्थीको तर्फबाटः विद्वान सहायक न्यायाधिवक्ता श्री संगिता थोकर

**अवलम्वित नजीरः ×**

ठूला करदाता कार्यालय, हरिहरभवनबाट करदाताको आ.ब. २०७०/०७१ को मिति २०७३।०३।३१ मा भएको मूल्य अभिबृद्धि कर निर्धारणको निर्णय तथा उक्त निर्णयलाई सदर गर्ने गरी आन्तरिक राजस्व विभागका महानिर्देशकबाट मिति २०७५।०५।२१ मा भएको निर्णय समेत उपर राजस्व न्यायाधिकरण ऐन, २०३१ को दफा ६(१) र मूल्य अभिबृद्धि कर ऐन, २०५२ को दफा ३२ बमोजिम पर्न आएको पुनरावेदन यसै न्यायाधिकरणको क्षेत्राधिकार भित्रको हुँदा प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य एवं यस न्यायाधिकरणको ठहर यस प्रकार रहेको छः-

**तथ्य खण्ड**

१. ठूला करदाता कार्यालयको कार्यक्षेत्र अन्तर्गतका करदाता श्री पशुपति आईरन एण्ड स्टिल प्रा.लि. (स्थायी लेखा नं.३०००१६१४५) को आर्थिक वर्ष २०७०/०७१ मा १९७९९.००५ मे.टन फलामे छड उत्पादन हुनुपर्नेमा १९१५२.६९० मे.टन अर्थात वास्तविक भन्दा ६४६.३१५ मे.टन घटी उत्पादन भएको देखाई सो फलामे छडलाई गैरकर बिजकको माध्यमबाट बर्षभरी नै बिक्री गरेकोले त्यसको बिक्री मुल्य प्रति मे.टन ६७,४८९।१५ कायम गरी हुने जम्मा बिक्री मुल्य रु.७५,६२,८३६।४३ कायम गर्न को विस्तृत कर परीक्षण भै पेश भएको विस्तृत प्रतिवेदनको आधारमा मूल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम २९(१) बमोजिम कर तथा जरिवाना, थप दस्तुर र ब्याज समेत जम्मा रू. २४,३६,७४३।०० को प्रारम्भिक कर निर्धारण गर्ने गरी ठूला करदाता कार्यालय, हरिहरभवन, ललितपुरबाट मिति २०७३।०३।१५ मा जारी भएको आदेश।

२. ठूला करदाता कार्यालयवाट मिति २०७३।०३।१५ मा जारी भएको सूचना करदाताले मिति २०७३।०३।२० मा बुझि लिई सो सम्बन्धमा करदाताले मिति २०७३।०३।३१ मा जवाफ पेश गरेको।

३. यसमा करदाताले वास्तविक भन्दा घटी उत्पादन देखाएको कारणबाट उद्योगले वित्तिय लेखामा न्यून बिक्री एवं करयोग्य कारोबार न्यून देखाएकोले दाखिला गरेको कर विवरण अधुरो एवम त्रुटीपूर्ण भएको, बिक्री घटी देखाएको परिमाणलाई गैर कर विजक मार्फत बिक्री गरेको आधारमा कर अधिकृतले करदाताले करको रकम कम देखाएको भन्ने विश्वास गर्नुपर्ने आधार समेत भएको र सोबाट मूल्य अभिवृद्धि कर छली भएको देखिएकोले मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा २०(१) खण्ड (ख), (घ) एवम (ज) बमोजिमको अवस्था विद्यमान रहेकोले प्रारम्भिक कर निर्धारणको सूचनामा उल्लेख भए अनुसार २०७१ आषाढको कर अवधिमा मूल्य अभिवृद्धि कर तर्फ घटी बिक्री देखाएको उक्त कायम मूल्य रू. ७५,६२,८३६।४३- मा १३% का दरले हुने रु.

९,८३,१६९।०० कर निर्धारण गरि सो रकममा सोहि ऐनको २९(२) बमोजिम शत प्रतिशत रकम रु. ९,८३,१६९।०० जरिवाना समेत गरी एवं मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १९ र २६ बमोजिम लाग्ने थप दस्तुर र व्याज समेत असुल गर्ने गरी मूल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम २९(३) बमोजिम अन्तिम कर निर्धारण आदेश जारी गर्नु भन्ने ठूला करदाता कार्यालय, हरिहरभवन, ललितपुरबाट मिति २०७३।०३।३१ मा भएको निर्णय पर्चा।

४. यसमा करदाताले कर रकम रू. २४,५७,३८३।— तिर्नु पर्ने देखिन आएकोले उक्त रकम यो आदेश जारी भएको मितिले १५ दिन भित्र नेपाल सरकारको सर्वसञ्चित कोषमा दाखिला हुने गरी पुल्चोक ललितपुर स्थित एभरेष्ट बैक लि. बैक/नगद दाखिला गर्नु होला भन्ने मिति २०७३।०३।३१ मा ठूला करदाता कार्यालयबाट करदाताको नाममा जारी भएको सूचना।

५. ठूला करदाता कार्यालय, हरिहरभवन, ललितपुरले मिति २०७३।०३।३१ मा जारी गरेको आ.व. २०७०/०७१ को मूल्य अभिवृद्धि करतर्फको अन्तिम कर निर्धारण आदेशमा चित्त नबुझी पुनरावेदक करदाता श्री पशुपति आईरन एण्ड स्टिल प्रा.लि. (स्थायी लेखा नं.३०००१६१४५) ले प्रशासकीय पुनरावलोकनका लागि मिति २०७३।०६।०६ मा आन्तरिक राजस्व विभागमा पेश गरेको निवेदन।

६. यसमा आन्तरिक राजस्व विभागबाट प्रकाशित Material consumption Norms, vol.I, B.S. २०६३ अनुसार MS Billet बाट छड उत्पादनमा ६% (१०६ के.जी. MS billet बाट १०० के.जी. छड) जर्ति कायम भएको व्यहोरा जानकारी गराईन्छ भन्ने व्यहोरा लेखी आएकोले सोही बमोजिम गर्नु गराउनु हुन भनी परिपत्र जारी भएको देखिन्छ। विभागको उक्त परिपत्र अनुसार १०६ के.जी. MS Billet बाट १०० के.जी. MS Rod उत्पादन हुने हुँदा सोही बमोजिमको मात्र जर्ति पाउने विषयमा कुनै विवाद रहेको देखिएन। निवेदकले विभागको परिपत्रलाई वेवास्ता गरी नियमानुसार पाउने भन्दा बढी जर्ति दावी गरी घटी उत्पादन देखाएको हदसम्मको परिमाण उत्पादन भएको र बिक्री भएको मानी सो बिक्रीमा मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा २० बमोजिम कर निर्धारण गर्ने गरी भएको कार्यालयको निर्णय कानून सम्मत रहेको देखिन्छ । विपक्षी कार्यालयबाट लगाईएको जरिवाना, व्याज तथा थप दस्तुर नलाग्ने गरी निर्णय गरी पाउन निवेदकले जिकिर लिए तापनि मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा २९ मा उल्लिखित कसुर गरेमा सोही बमोजिम जरिवाना हुने व्यहोरा उल्लेख छ ।साथै, ऐ.ऐनको दफा १९(२) ले म्यादभित्र कर नबुझाएमा र दफा २६ ले बुझाउनु पर्ने कुनै रकम म्याद भित्र दाखिला नगरेमा त्यस्तो म्याद नाघेको मिति देखी बुझाउन बाँकी रकममा व्याज लाग्ने उल्लेख रहेकोले निर्धारित कर रकममा जरिवाना, व्याज तथा थप दस्तुर लाग्ने नै हुँदा निवेदकको जिकिर नपुग्ने ठहर्छ भन्ने समेत व्यहोराको आन्तरिक राजस्व विभागका महानिर्देशकबाट मिति २०७५।०५।२१ मा भएको निर्णय पर्चा।

७. Material Consumption Norms Vol.I, B.S. 2063 का आधार एंव उद्योग विभागको पत्रको मात्र आधार लिई Ms Billet छडको उत्पादनमा ६% (१०६ के.जी. Ms Billet बाट १०० के.जी. छड) जर्ति कायम गरी प्रत्यर्थी विभाग तथा कार्यालयले गरेको निर्णय प्रचलित कानून, कानूनका मान्य सिद्धान्त सर्वोच्च अदालतबाट प्रतिपादित सिद्धान्त समेतका रोहबाट मिलेको देखिन आएन । उपरोक्त आधार कारणबाट Ms Billet जर्तीको सम्बन्धमा ६% अदृश्य र ३% दृष्य जर्ती गरी ९% को Recovery सीमा भित्र रही वास्तविक जर्तीलाई जर्ती कायम गर्न पर्ने हुन्छ भनी उल्लेख भई विपक्षी कार्यालयको जर्ती सम्बन्धी निर्णयाधारलाई खारेज गरि दिएको अवस्थामा सो को रीतपुर्वक जानकारी प्राप्त गरि सके पश्चात पनि राजस्व न्यायाधिकरणबाट भएको फैसलाको प्रतिकुल हुने गरी जारी आदेशहरु गैर कानुनी रहेको छ। बिपक्षी कार्यालयले निर्णय पर्चामा म्याद भित्रमा बुझाउनु पर्ने मूल्य अभिवृद्धि कर नबुझाएमा बाँकी रहेको मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा २९ र १९(२) मा उल्लेखित कसुर गरेको भनी दफा २६ अनुसार बुझाउनु पर्ने बमोजिम बिलम्ब शुल्क लाग्ने भनी गरेको निर्णय त्रुटिपूर्ण रहेको छ। उक्त मूल्य अभिवृद्धि कर नै तिर्न नपर्ने प्रकृतिको भएको हुँदा सो मूल्य अभिवृद्धि कर समयमा नतिरेको भनि जरिवाना, व्याज तथा थप दस्तुर लाग्ने भनि लिएको आधार त्रुटिपूर्ण रहेको हुँदा उक्त व्याज जरिवाना नलाग्ने हुँदा सो आय वर्षमा कार्यालयबाट भएको अन्तिम कर निर्धारण आदेश र सो आदेश सदर गर्ने गरी आन्तरिक राजस्व विभागबाट भएको निर्णय बदर गरी पाउँ भन्ने समेत व्यहोराको मिति २०७५।०९।२३ मा यस न्यायाधिकरणमा दर्ता भएको पुनरावेदन पत्र।

८. यसमा मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १४०(३) बमोजिम छलफलको प्रयोजनार्थ विशेष सरकारी वकिलको कार्यालयलाई सूचना दिई नियमानुसार पेश गर्नु भन्ने यस न्यायाधिकरणबाट मिति २०७६।०३।०१ मा भएको आदेश।

९. यसमा यिनै पुनरावेदक तथा प्रत्यर्थी रहेका आ.व. २०६४/०६५ देखि २०७२/०७३ सम्मका विभिन्न आर्थिक बर्षहरुका आयकर, मू.अ.कर र अन्तशुल्क समेतका सम्बन्धमा यसै न्यायाधिकरणमा पुनरावेदन परेको देखिएको तर आ.व. २०६८/०६९ र २०६९/०७० का कर निर्धारण सम्बन्धमा पुनरावेदन परे नपरेको यकिन गरी पुनरावेदन परेको भए साथै राख्नु । साथै, यस न्यायाधिकरणमा कारवाहीको अवस्थामा रहेका यिनै पुनरावेदक तथा प्रत्यर्थी रहेका आ.व. २०६४/०६५ र आ.व.०६७/०६८ का आयकर, मू.अ.करका मुद्दाहरुको ठूला करदाता कार्यालय, ललितपुरमा प्रमुख कर अधिकृतको रुपमा यस न्यायाधिकरणमा राजस्व सदस्य भई कार्यरत श्री राजेन्द्र पौडेल समेतको संलग्नतामा परिक्षण भएको हुँदा उहाँ रहितको ईजलासमा पेश गर्नु भन्ने यस न्यायाधिकरणबाट मिति २०७७/०९/०१ मा भएको आदेश।

१०. पुनरावेदक करदाताको आ.व. २०६४।०६५ को पुनः संशोधित कर निर्धारण गर्ने मिति २०७०।२।२७ मा खडा गरेको निर्णय पर्चाको प्रकरण २ बाट निज करदाताको मिति २०६७।५।२ मा संशोधित कर निर्धारण भएकोमा आन्तरिक राजस्व कार्यालय धरानले मिति २०६८।३।६ मा अन्तशुल्क निर्धारण गरी आयकरतर्फ संशोधित कर निर्धारण गर्ने प्रयोजनको लागि प्रतिवेदन प्राप्त भएकोले पुनः संशोधित कर निर्धारण गर्नु परेको भन्ने समेत बेहोरा उल्लेख भएकोमा मिसिल संलग्न राजस्व न्यायाधिकरण विराटनगरबाट पुनरावेदन नं.९६।०६८ । ००१६०, ००१६१ र ००१६२ मा मिति २०६९।१०।१९ मा भएको फैसलाको छाँयाप्रतिबाट उल्लेखित आन्तरिक राजस्व कार्यालय धरानको मिति २०६८।३।६ को र सो उपरको प्रशासकीय पुनरावलोकनको निवेदनमा आन्तरिक राजस्व विभागबाट मिति २०६८।९।१४ का निर्णयहरु समेत उल्टी हुने ठहरेको भन्ने देखिँदा यि करदाताका हकमा आ.व.२०६४।०६५, ०६५।०६६ र ०६६।०६७ मा आन्तरिक राजस्व कार्यालय धरानबाट भएका अन्तशुल्क निर्धारणका निर्णयहरु तथा सो उपर परेका प्रशासकीय पुनरावलोकनका निवेदनमा भएका निर्णय सहितको सक्कलै मिसिल सम्बन्धित कार्यालय/विभागवाट र यिनै मुद्दामा राजस्व न्यायाधिकरण विराटनगरबाट माथि उल्लेखित मुद्दामा मिति २०६९।१०।१९ मा भएका फैसलाहरु सहितका छिनुवा मिसिल राजस्व न्यायाधिकरण विराटनगरबाट मगाई साथै राख्नु पेश गर्नु ।आन्तरिक राजस्व विभागको मिति २०७४।४।२९ को निर्णयमा उल्लेखित उद्योग विभागबाट प्रकाशित Material Consumption Norms, Vol.I BS. 2063 को प्रमाणित प्रतिलिपी विशेष सरकारी वकील कार्यालय मार्फत सम्बन्धित निकायबाट मगाई साथै राख्नु भन्ने यस न्यायाधिकरणबाट मिति २०७८/०१/०८ मा भएको आदेश।

११. प्रस्तुत मुद्दा र लगाउमा पेश भएका मुद्दा समेत चार वर्ष पुरानो रहेको र करदाताको तर्फबाट अन्य कानून व्यवसायीहरु समेत मुकरर भएको देखिँदा अर्को पेशीमा सुनुवाईको सुनिश्चितताको लागि सवै मुद्दामा पुनरावेदक र प्रत्यर्थी दुवै पक्षबाट १५ दिन भित्र लिखित वहसनोट पेश गर्न वारिस मार्फत सूचना दिई नियमानुसार पेश गर्नु भन्ने व्यहोराको मिति २०७९।११।२८ गतेको यस न्यायाधिकरणबाट भएको आदेश।

१२. यसमा यस न्यायाधिकरणको मिति २०७९।११।२८ को आदेशानुसार पुनरावेदकको तर्फबाट विद्वान अधिवक्ता श्री प्रेरणा उप्रेतीले मिति २०७९।१२।१२ मा र प्रत्यर्थीका तर्फबाट विद्वान सहायक न्यायाधिवक्ता श्री संगिता थोकरले मिति २०८०।१।३ का दिन लिखित बहसनोट पेश गर्नु भएको।

## ठहर खण्ड

१३. नियम बमोजिम पेशी सूचीमा चढी पेश हुन आएको प्रस्तुत मुद्दामा पुनरावेदक करदाताका तर्फबाट उपस्थित विद्वान अधिवक्ता श्री रमण कुमार कर्णले उद्योग

विभागबाट अन्य प्रयोजनको लागि निर्धारण गरिएको Norms लाई आधार मानी उत्पादन नै नभएको बस्तुको उत्पादन तथा बिक्रि बितरण गरेको भनी काल्पनिक आधार लिईएको, छड उत्पादनका हकमा के कति प्रतिशत जर्ती हुने भन्ने कुरा कानूनी रुपमा प्रष्ट नभएको, उद्योग विभागले Material Consumption Norms BS २०६३ सार्वजनिक रुपमा प्रकाशन गरेको भनिए तापनि करदातालाई आधिकारिक रूपमा जानकारी नभएको अवस्थामा कर निर्धारणको क्रममा ठूला करदाता कार्यालय, ललितपुरबाट उद्योगले वास्तविक उत्पादनभन्दा घटी उत्पादन देखाएको भन्ने काल्पनिक आधार लिएको छ। मनोगत आधारमा हाम्रो कर विवरण अधुरो तथा त्रुटीपूर्ण भनी अन्तिम कर निर्धारण गरेको शुरु निर्णय त्रुटिपूर्ण रहेकोले सो बदर गरी पाउँ भनी तथा प्रत्यर्थी ठूला करदाता कार्यालय, ललितपुरका तर्फवाट उपस्थित विशेष सरकारी वकिल कार्यालयका विद्वान सहायक न्यायाधिवक्ता श्री संगिता थोकरले करदाताले जर्ती बढी कायम गरेको कारण आयमा कम देखिएको, पुरानो नर्म्सको आधारमा कट्टी गरेको कारण बढी देखिएको भन्ने दावी लिएको तर सो लाई पुष्टि गर्ने प्रमाणित कागजात पेश गर्न नसकेको हुँदा सो वापत मूल्य अभिवृद्धि कर थप गर्ने समेतको शुरु कार्यालयबाट भएको अन्तिम कर निर्धारणको आदेश कानूनसम्मत नै रहेकोले सो निर्णय सदर गरी पाउँ भनी गर्नुभएको बहस समेत सुनियो।

१४. पुनरावेदक करदाताका तर्फबाट लिइएका पुनरावेदन जिकिरहरु, दुवैतर्फका कानुन व्यवसायी विद्वानहरुबाट प्रस्तुत बहस बुदाँहरु र लिखित बहसनोट तथा मिसिल संलग्न कागज प्रमाणको अध्ययन गरी हेर्दा, ठूला करदाता कार्यालयबाट पुनरावेदक करदाताको हकमा भएको अन्तिम कर निर्धारणको आदेश र सोही आदेश सदर गर्ने गरी आन्तरिक राजस्व विभागका महानिर्देशकबाट भएको निर्णय समेत मिलेको छ वा छैन ? करदाताको पुनरावेदन जिकिर पुग्न सक्ने हो वा होइन ? भन्ने विषयमा निर्णय दिनुपर्ने देखियो।

१५. अब करदाताले पुनरावेदन पत्रमा लिएको पहिलो पुनरावेदन जिकीर हेर्दा, फलामे छडको उत्पादन घटी देखाई कम आय देखाएको अर्थात करदाताको आ. व. २०७०।०७१ मा १९,७९९.००५ मे.टन फलामे छड उत्पादन हुनुपर्नेमा १९,१५२.६९० मे. टन मात्र उत्पादन भएको भनी उद्योगले वास्तविक रूपमा भएको भन्दा ६४६.३१५ मे. टन घटी उत्पादन भएको देखाई सो फलामे छडलाई गैर कर विजकको माध्यमबाट बिक्री गरी वित्तीय लेखा एवम् करयोग्य कारोबार कम देखाएकोले गैर बिजकको माध्यमबाट वर्षभरि नै बिक्री गरेकोले त्यसको विक्री मूल्य कायम गर्न उद्योगले कायम गरेको सरदर बिक्री मूल्यलाई नै आधार लिनु पर्ने भन्ने निर्णय त्रुटीपुर्ण रहेको भन्ने समेत जिकिर लिएको देखियो। यिनै करदाताले यसै आ.व. २०७०।७१ को अन्तशुल्क तर्फ ६४६.३१५ मे.टन घटी उत्पदन देखाएको भनी शुरु ठूला करदाता कार्यालयले अन्तःशुल्क निर्धारण गरे तर्फ चित नवुझाई यसै न्यायाधिकरणमा दायर

गरेको ०७५-RB-०१९० को अन्तःशुल्क मुद्दामा विस्तृत विवेचना भई यसै इजलासवाट आजै शुरु निर्णय समेत सदर हुने ठहरी फैसला भईसकेको अवस्था छ। मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा २० को उपदफा (१) को खण्ड (ख) मा अधुरो वा त्रुटिपूर्ण कर विवरण पेश गरेमा, खण्ड (घ) मा करको रकम कम देखिएको वा ठीक नभएको भन्ने कर अधिकृतलाई विश्वास गर्नुपर्ने कारण भएमा र खण्ड (ज) मा विजक जारी नगरी विक्री गरेमा समेत कर अधिकृतले कर निर्धारण गर्न सक्ने अवस्था देखियो। प्रस्तुत करदाताले घटी उत्पादन देखाई अन्तःशुल्क कम बुझाएको र सोही कारणवाट मूल्य अभिवृद्धि कर समेत कम दाखिल गरेको पुष्टी भईरहेको स्थितिमा कर निर्धारण गर्ने गरी ठूला करदाता कार्यालयवाट मिति २०७३।०३।३१ मा भएको निर्णय समेत लगाउको उक्त अन्तःशुल्क मुद्दामा विवेचित आधार र कारणबाट मनासिव देखिन आयो।

१६. जहाँसम्म मूल्य अभिबृद्धि कर समयमा नतिरेको भनी जरिवाना, व्याज तथा थप दस्तुर लगाउने शुरु निर्णय समेत त्रुटीपूर्ण रहेको भनी करदाताले लिएको दोस्रो जिकिर छ, त्यस सम्बन्धमा हेर्दा आ.व.२०७०।७१ मा करदाताले घटी उत्पादन देखाई घटी विक्री देखाएको भनी मूल्य अभिवृद्धि कर निर्धारण गरेको शुरु निर्णय कानूनसम्मत देखिएको सम्बन्धमा माथि प्रकरण १५ मा नै उल्लेख भईसकेको छ। म्याद भित्र कर नवुझाएमा दफा १९(२) वमोजिम थप दस्तुर लाग्ने, दफा २६ वमोजिम व्याज लाग्ने र दफा २९(२) को अवस्थामा जरिवाना समेत लाग्ने व्यवस्था मूल्य अभिवृद्धि कर ऐन, २०५२ मा रहेको देखियो। करदाताले २०७१ आषाढ कर अवधिमा दाखिल गर्नुपर्ने मूल्य अभिवृद्धि कर दाखिल नगरेको अवस्था पुष्टी भइरहेको स्थितिमा कानूनमा व्यवस्था भए वमोजिम नै आधार र कारण खुलाई जरिवाना, थप दस्तुर र व्याज निर्धारण गरेको निर्णयलाई समेत अन्यथा भन्न मिलेन।

१७. तसर्थ माथी उल्लिखित आधार र कारणबाट करदाता पशुपति आइरन एण्ड स्टील प्रा.लि. स्थायी लेखा नं.३०००१६१४५) को ठूला करदाता कार्यालयवाट आ.व. २०७०।७१ को मूल्य अभिवृद्धि कर तर्फ अन्तिम कर निर्धारण गरी मिति २०७३।०३।३१ मा भएको निर्णय र सोही निर्णय सदर गर्ने गरी आन्तरिक राजस्व विभागका महानिर्देशकवाट मिति २०७५।०५।२१ मा भएको निर्णय समेत मिलेकै देखिंदा सदर हुने ठहर्छ।करदाताको पुनरावेदन जिकिर पुग्न सक्दैन। अरुमा तपसिल बमोजिम गर्नु।

<u>तपसिल खण्ड</u>

१. फैसलाको प्रतिलिपी साथै राखी फैसला भएको जानकारी विशेष सरकारी वकील कार्यालय काठमाडौलाई दिनू।

२. प्रस्तुत फैसलाको विद्युतीय प्रति यस न्यायाधिकरणको सफ्टवेयरमा अपलोड गरी फैसलाको पीठमा जनाउनू।
३. सरोकारवाला पक्षले फैसलाको प्रतिलिपी माग गरेमा लाग्ने दस्तुर लिई नियमानुसार प्रतिलिपी दिनू।
४. प्रस्तुत पुनरावेदनको दायरीको लगत कट्टा गरी शुरु मिसिल ठूला करदाता कार्यालयमा पठाई रेकर्ड मिसिल नियमानुसार अभिलेख शाखामा बुझाईदिनू।

(टेकप्रसाद ढुङ्गाना)
अध्यक्ष

उक्त रायमा मेरो सहमति छ।

(बासुदेव खनाल)
लेखा सदस्य

फैसला तयारीमा सहयोग गर्नुहुनेः-
इजलास अधिकृतः-श्री खेमकुमारी बस्नेत
कम्प्यूटर टाइपः-श्री अशोक विश्वकर्मा
इति सम्वत २०८० साल बैशाख महिना ३ गते रोज १ शुभम्.........................।
प्रमाणिकरण गर्ने सदस्यः -

फैसला प्रमाणित मिति: - राजस्व न्यायाधिकरण काठमाडौंको छाप